**ALL INDIA RADIO GANGTOK**

**NEPALI NEWS BULLETIN**

**BROADCAST: 18:40 hrs** **Date: 19.06.2024**

***Tourists Evacuated***

उत्तर सिक्किमको मंगन जिल्ला अन्तर्गत लाचुङ र चुङथाङका प्रभावित क्षेत्रहरूमा फँसेका रहल एक सय अन्ठाउन्नजना पर्यटकहरूलाई पनि आज उध्दार गरिएको छ। मंगनका जिल्लाधीश श्री हेमकुमार छेत्रीले सम्पूर्ण उध्दार प्रक्रियाको देखरेख गर्नुभयो। उध्दार कार्यमा पुलिस अधीक्षक श्री सोनाम डेचु भुटिया, जिल्ला प्रशासनका अधिकृतहरू, बन, पर्यटन, मोटर थान र पुलिस विभागका अधिकारी तथा कर्मचारीहरू, GREF , सीमा सड़क संगठन, रास्ट्रिय आपदा प्रतिक्रिया बल, राज्य आपदा प्रतिक्रिया बल, टयाक्सी चालक संगठन, सिक्किम यात्रा एजेन्ट संघ, स्थानीय पञ्चायतगण र स्वयंसेवकहरू संलग्न थिए। विगत तीनदिनसम्म चुङथाङका महकुमा अधिकारी श्री किरण ठटाल र वहाँको टोली, महकुमा पुलिस अधिकारी श्री अरूण ठटाल लाचुङ र चुङथाङका पुलिस अधिकृतहरू लाचुङ जुम्सा, लाचुङ होटल संघका सदस्याहरू र स्थानीय जनताको सहयोगका पर्यटकरूका लागि निशुल्क खाने बस्ने र अन्य व्यवसथा गरे। पर्यटकहरूले राहत तथआ उध्दार कार्यमा संलग्न सबै सरकारी अधिकृतहरू र स्थानीय जनताप्रति कृतज्ञता प्रकट गरेका छन्। गत बाह्र जूनको पानीले गर्दा फँसेका पर्यटकहरूलाई निकाल्नका लागि गत सोमवारदेखि शुरू गरिएको कार्य अन्तर्गत आजसम्म तीन दिनको अवधिमा जम्मा चौध सय सैंतालिसजना पर्यटकहरूको उध्दार गरियो।

***CM Meeting***

मुख्यमन्त्री श्री प्रेमसिंह तामाङले आज विहान मिन्तोगाङमा स्वास्थ्य, ग्रामीण विकास विभाग र जन स्वास्थ्य अभियान्त्रिकी विभागका प्रतिनिधिहरूसित बैठक गर्नुभयो। वर्षायाममा जन्डिस र हेपाटाइटिस A + जस्ता पानीवाट हुने रोगहरू उत्पन्न हुन नदिनका लागि रणनीति तयार पार्न बैठक डाकिएको थियो। यसमा मुख्यमन्त्रीले सूचना शिक्षा तथा संचार कार्यक्रमहरूद्वारा जागरूकता अभियान गर्नुपर्ने आवश्यकतामाथि जोड़ दिनुभयो। अभियानमा पानीवाट उत्पन्न हुने रोगहरू, स्वास्थ्यमा खतरा, सरसफाई, स्वच्छता सम्वन्धी सुविधाहरू र प्रभावी फोहोर प्रवन्धनवारे मानिसहरूलाई शिक्षित तुल्याउनुपर्नेछ। जनस्वास्थ्य अभियान्त्रिकी तथा ग्रामीण विकास, विभागहरूलाई सबै जलश्रोतहरूको नियमित उपचार सुनिश्चित गर्ने, कड़ा निगरानी राख्ने र पानीवाट उत्पन्न हुने रोगहरू सम्वन्धी रिपोर्टवारे शीघ्र प्रतिक्रिया गर्ने निर्देश दिइएको छ। बैठकमा प्रभावी परिणामका लागि सबै विभागहरूमा सामूहिक दृस्टिकोणको महत्ववारे प्रकाश पारियो। यसमा बताइए अनुसार पञ्चायत कार्यलयहरू शहरी स्थानीय निकाय प्रतिस्ठाहरू, जिल्लाधीश र प्रखण्ड विकास अधिकारीहरूमा निकट समन्वय हुन आवश्यक छ। बैठकमा स्वास्थ्य तथा परिवार कल्याण मन्त्री श्री जी टी दुङ्गेल, मुख्य सचिव श्री विजय भूषण पाठक र अन्य वरिस्ट अधिकारीहरूको उपस्थिती थियो।

***Governor***

अन्तर्रास्ट्रिय मानव अधिकार परिषदकी अध्यक्ष श्रीमती इन्द्रा कुमारी छेत्री र अन्य सदस्यहरूको टोलीले आज राजभवनमा राज्यपाल श्री लक्ष्मण प्रसाद आचार्यसित भेट गरयो। भेटघाटका बेला परिषदका सदस्यले किसनगंज बिहारमा सिक्किमे महिला माथि भएको दुर्भाग्यपूर्ण घटनावारे चिन्ता व्यक्त गरे। राज्यपालले पिडीतले न्याय पाउने आश्वासन दिनुभयो। यसमा आफ्नो प्रतिलवध्दता वयक्त गर्दै श्री आचार्यले बिहारका राज्यपाल श्री राजेन्द्र विशिवयाथ अलेकर टेलीफोन मार्फत यो दुर्भाग्यपूर्ण घटनावारे अवगत गराउनुभयो। उहाँले श्री अर्लेकरसित पिडीतलाई शीघ्र न्याय दिइएको सुनिश्चित गर्नमा आफनो तर्फवाट हस्तक्षेप गर्ने अपील गर्नुभएको छ।

***Bhanu Jayanti Soreng***

सोरेङ जिल्लामा दुई सय दशौं भानुजयन्ती समारोहलाई लिएर पहिलो समन्वय बैठक जिल्ला प्रशासनिक केन्द्रमा आज बस्यो। सोरेङ जिल्ला अध्यक्ष श्रीमती तिलादेवी गुरूङको अध्ययक्षतामा बसेको वैठकमा भानु जयन्ती समारोहमा आयोजन गरिने कार्यक्रमहरूको योजना तयार पार्नका साथै एउटा समिति गठन गरिएको छ। राज्य विधानसभाका अध्यक्ष श्री मिङमा नर्बु शेर्पालाई यसका प्रमुख संरक्षक बनाइएको छ भने संरक्कगणमा रिञ्चेनपोङका निधायक श्री इरूङ छिरिङ लेप्चा, सालघारी जूमका विधायक श्री मदन सिञ्चुरी, सोरेङ जिल्ला अध्यक्ष श्रीमती तिलादेवी गुरूङ, उपाध्यक्ष श्री सी वी कामी र सोरेङ च्याखुङका पूर्व विधायक श्री आदित्य गोले सामेल हुनुहुन्छ। बेठकले भानुजयन्ती समारोहमा कविता, कथा वाचन, तर्कप्रतियोगिता अन्तर्विभागीय नृत्य प्रतियोगिता र रामायण पाठ प्रतियोगीता जस्ता सांस्कृतिक तथा साहित्यिक कार्यक्रमहरू आयोजना गर्ने निर्णय लिएको छ। अध्यक्ष श्रीमती तिलादेवी गुरूङले सबैसित समारोहलाई सफल बनाउन जिम्मेवारी लिएर काम गर्ने आग्रह गर्नुभयो। पछि नवनियुक्त जिल्लाधीश श्री धीरज सुवेदीले मानव संसाधनको प्रभावी उपयोग र नयाँ कर्मचारीहरूलाई प्रशिक्षणको आवश्यकतावारे मुख्यमन्त्रीको निर्देश रहेको जानकारी दिनुभयो।

***Nirmala Pre Budget***

केन्द्रीय वित्त तथा निगभित मामिला मन्त्री श्रीमती निर्मला सीतारमनले आम बजट अघि आज नयाँ दिल्लीमा प्रमुख अर्थशास्त्रीहरूसित बजट पूर्व परामर्शको पहिलो चरणको अध्यक्षता गर्नुभयो। यसमा केन्द्रीय वित्त राज्य मन्त्रई श्री पंकज चौधरी, वित्त सचिव आर्थिक मामिला, राजस्व, वित्तीय सेवा र निगमित मामिला विभागका सचिव र मुख्य आर्थिक सल्लाहकार उपस्थित थिए।